# सम्पादकीय

नेपालको राष्ट्रिय अर्थतन्त्रमा कृषिक्षेत्रको भूमिका महत्वपूर्ण रहेको छ। यसको समस्टिगत विकास गर्नसके मात्र स्थानीय जिविका र अर्थतन्त्रको आधार सबल र सक्षम हुनेछ। तर अनुपयुक्त कृषिको ढाँचा, अदूरदर्शी नीति तथा कार्यक्रमहरुले गर्दा १५-२० वर्ष अगाडि सम्म खाद्यान्न निर्यात गर्ने नेपाली किसान अहिले आएर खाद्यान्न अभावको चर्को मारमा  परेका छन्। बाह्र्य सेवा तथा सामग्रीमा पूरै भरपर्नु पर्ने अहिलेको कृषि पद्धति नै यो समस्याको मूल जड हो।

अर्को कुरा, नेपालमा खाद्य सुरक्षाको मुद्दालाई सतहि रूपमा मात्रै हेरिएको छ। नेपाल जस्तो बिकट भौगोलिक अवस्था भएको मूलुकमा राष्ट्रिय उत्पादनमा वृद्धि भएर मात्रै जन साधारणको खाद्य सुरक्षा हुदैन। स्थानीय स्तरमा उपलब्ध प्राकृतिक स्रोत र साधनहरुको सही उपयोगमा आधारित दिगो कृषिबाट मात्र उनिहरुको खाद्य सुरक्षा बढाउन सकिन्छ। तर हाम्रो सरकार र सहयोगी संस्थाहरू यो बाटो लिन भन्दा अरबौं रुपैयाँ खर्च गरेर बाह्र्य स्रोतमा आधारित व्यापारमूखी कृषि प्रवर्द्धन गरी साथै खाद्य असुरक्षित क्षेत्रहरुमा आयातित खाद्यान्न ढुवानी गरेर खाद्य सुरक्षा बढाउन सकिन्छ भन्नेमा विश्वस्त देखिन्छन् जसले गर्दा नेपालको खाद्य संकट अझ गहिरिँदो छ।

हाम्रो वन सम्पदाको यो **खाद्य तथा दिगो कृषि विशेषाङ्कमा** नेपालमा अहिले देखिएका खाद्य तथा कृषिका मूल मुद्दाहरुलाई उठाउने प्रयास गरिएको छ। यसमा मुख्यतः कर्णाली क्षेत्रको खाद्य सुरक्षा र कृषिको अवस्था आँकलन, खाद्य सुरक्षाको अर्थराजनीति, कृषियोग्य भूमिको न्यायोचित वितरण, कृषिमा बढ्दो नारीकरण र यसका असरहरु जस्ता समसामयिक सवालहरुमा आधारित लेखहरु समेटिएका छन्। त्यसैगरी आयातित खाद्यान्नहरुमा बढ्दै गइरहेको परनिर्भरता र खाद्य संस्कृतिमा आएको फेरबदलका असरहरुलाई समावेश गरिएको छ। अन्त्यतिर जैबिक कृषि, यसको सम्भाव्यता र यसका प्राबिधिक पक्षहरुसँग सम्बन्धीत लेखहरु समेट्ने प्रयास गरिएको छ।